# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८३।०३।०२

## प्रेस विज्ञप्ति

पत्रकार खेमराज गौतम 'सुवास' लाई बागलुङको काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले धम्की दिएको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

२०८३ जेठ २८ गते आदर्श समाचार डटकममा समाचार प्रकाशित भएको निहुँमा सम्पादकसमेत रहेका गौतमलाई थापाले फोन र म्यासेज गरी धम्क्याएको महासंघ बागलुङ शाखाले जनाएको छ ।

समाचारप्रति गुनासो भए प्रचलित विधिअनुसार समाधान नखोजेर जिम्मेवार जनप्रतिनिधिबाट भएको यो हर्कतलाई महासंघले प्रेसविरोधी र गैरजिम्मेवार कदमका रुपमा लिएको छ ।

महासंघ यो कार्यको निन्दा गर्दछ । र, आगामी दिनमा प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न र यस्ता हर्कत नदोहोर्‍याउन सम्बन्धित पक्षको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org